# Soaltee Hotel Limited

★ ★ ★ ★ ★

# सोल्टी होटल लिमिटेडको ४४औं वार्षिक साधारण सभा सम्बन्धी सूचना

(दोश्रो पटक प्रकाशित)

**श्री शेयरधनी महानुभाव,**

मिति २०७५ कार्तिक २९ गते (१५ नोभेम्बर २०१८) बिहिबारका दिन बसेको यस सोल्टी होटल लिमिटेड (कम्पनी) को सञ्चालक समितिको २२०औं बैठकको निर्णय अनुसार यस कम्पनीको **४४औं वार्षिक साधारण सभा** निम्नलिखित मिति, समय र स्थानमा निम्नलिखित विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुंदा शेयरधनी महानुभावहरुको उपस्थितिका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. **सभा हुने मिति, समय र स्थानः**

**मितिः** **२०७५ साल पौष २६ गते तद्नुसार १० जनवरी २०१९, बिहिबारका दिन ।**

**समयः** **बिहान ११:०० बजे ।**

**स्थानः** **नेपाल प्रज्ञा भवन प्रेक्षालय, कमलादी, काठमाडौं ।**

२. **छलफलका विषयहरुः**

(क) **सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को संचालक समितिको **वार्षिक प्रतिवेदन** पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) **वार्षिक आर्थिक विवरणहरु** (Financial Statements), २०७५ आषाढ मसान्तको वासलात (वित्तीय स्थितिको विवरण), सोही मितिमा समाप्त भएको नाफा-नोक्सान तथा अन्य कम्प्रीहेन्सीव आय विवरण), नगद प्रवाह विवरण तथा ईक्वीटीमा भएको परिवर्तनको विवरण र यस कम्पनी तथा कम्पनीको सहायक कम्पनी सोल्टी हस्पिटालिटी लि. र एच.आई. सोल्टी होटल कम्पनी प्रा.लि. को आर्थिक वर्ष २०७४/०७५ (२०१७/१८) को वित्तीय विवरणहरु समेत समावेश गरेको **एकिकृत आर्थिक विवरणहरु,** (Consolidated Financial Statement) उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **चुक्ता पूँजीको १६.३१५७८९४७ प्रतिशतका दरले नगद लाभांश** प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

४. कम्पनीको लेखापरीक्षण समितिले सिफारिस गरे बमोजिम आर्थिक वर्ष २०७५/०७६ (२०१८/१९) को लागि कम्पनीको **बैधानिक लेखापरीक्षक नियुक्त गर्ने तथा निजको पारिश्रमिक** निर्धारण गर्ने ।

५. कम्पनीको संचालक समितिबाट सिफारिस भए बमोजिम कम्पनीका **कार्यकारी अध्यक्षको पारिश्रमिक तथा सुविधाहरु** पारित गर्ने ।

(ख) **विशेष प्रस्ताव**

६. कम्पनीको संचालक समितिले प्रस्ताव गरे बमोजिम शेयरधनीहरुलाई **१० (दश प्रतिशत)** का दरले अर्थात कम्पनीको प्रत्येक १० कित्ता चुक्ता शेयर बराबर १ (एक) कित्ताका दरले **बोनस शेयर** वितरण गर्ने विशेष प्रस्ताव र सोहि अनुसार **लिन मन्जुर तथा चूक्ता पूंजी बृद्धि** गर्न स्वीकृति प्रदान गर्ने ।

(ग) **विविध**

७. विविध: अध्यक्षको अनुमति अनुसार ।

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

---

**नोटः साधारण सभा सम्बन्धी सूचना, सभा सम्बन्धी सामान्य जानकारीहरु तथा कम्पनीको आर्थिक वर्ष २०७४/७५ का संक्षिप्त वित्तीय विवरणहरु सहितको जानकारी समावेश रहेको सूचनाका लागि मिति २०७५ मंसिर २६ गते (12 December 2018) प्रकाशित कान्तिपुर दैनिक हेर्नुहुन अनुरोध छ । साथै साधारण सभा सम्बन्धी सूचना, सामान्य जानकारीहरु तथा कम्पनीको आर्थिक वर्ष २०७४/७५ का संक्षिप्त तथा विस्तृत वित्तीय विवरणहरु यस कम्पनीको वेबसाईट Website: http://www.soalteehotel.com मा समेत हेर्न सकिने जानकारी गराउँदछौं ।**